सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५९ ♦ २०८३ साल जेष्ठ २० बुधवार ♦ 3 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## भ्रष्टाचार मुद्दामा प्रदेशसभा सदस्य सरोज सिंह कुशवाहा दोषी ठहर



**खबर दर्पण समाचारदाता**

**जेष्ठ १९ गते, बर्दिवास**

विशेष अदालतले भ्रष्टाचार मुद्दामा मधेस प्रदेशका निलम्बित प्रदेशसभा सदस्य सरोज कुमार सिंह कुशवाहालाई दोषी ठहर गर्दै चार वर्ष एक महिना कैद तथा रु ३८ लाख ५० हजार १३९ जरिवाना हुने फैसला सुनाएको छ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले मङ्गलबार उक्त फैसला सुनाएको हो।

अदालतले 'अपराध पीडित संरक्षण ऐन, २०७५' बमोजिम सिंहबाट रु १ लाख ५४ हजार पाँच रुपैयाँ ५६ पैसा क्षतिपूर्ति शुल्क असुल गरी 'पीडित राहत कोष'मा जम्मा गर्न आदेश दिएको छ। साथै घुस बापत लिएको रु ३८ लाख ५० हजार १३९ सरकारी कोषमा जफत गर्न पनि निर्देशन दिएको छ।

महोत्तरी निर्वाचन क्षेत्र नं ४ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य सिंहले विभिन्न उपभोक्ता समितिहरूबाट घुस तथा कमिसनबापत रु ३८ लाख ५० हजार १३९ लिएको पुष्टि भएको अदालतले जनाएको छ। उक्त रकम लिएको सम्बन्धमा प्रतिवादीले विवाद नगरेकाले अदालतले सोही रकमलाई भ्रष्टाचारको बिगो कायम गरेको जनाएको छ।

अभियोगअनुसार उपभोक्ता समितिका खातामा जम्मा भएको रकम आफ्ना स्वकीय सचिव विनोद कुमार लाल कायस्थमार्फत झिक्न लगाई सिंहले आफ्नो र श्रीमतीको नाममा रहेको संयुक्त खातामा रु ३८ लाख ५० हजार १३९ जम्मा गरी हिनामिना गरेका थिए।

यस प्रकरणमा विशेष अदालतले भ्रष्टाचार कसुर प्रमाणित भएको निष्कर्षसहित कैद, जरिवाना, क्षतिपूर्ति तथा रकम जफतको आदेश दिएको हो।

## विपक्षीको अवरोधका कारण प्रदेशसभाको बैठक स्थगित



**खबर दर्पण समाचारदाता**

**जेष्ठ १९ गते, बर्दिवास**

मधेश प्रदेशसभाको मंगलबार बस्ने भनिएको बैठक अर्को सूचना नआउनजेल सम्मका लागि स्थगित भएको छ ।


आजको वैठक सुरु भएपछि विपक्षी दलका प्रदेशसभा सदस्यहरुले मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादवले प्रदेश लोकसेवा आयोग र जनलोकपाल आयोगको सदस्यमा गरेको नियुक्ति प्रक्रिया अलोकतान्त्रिक र विधि सम्वत नरहेको भन्दै बैठकमा अवरोधका सृजना गरे पछि सभामुख राम अशिष यादवले १० मिनेटका लागि बैठक स्थगित गर्नु भएको थियो। वैठक संचालनका लागि दलहरुको विचमा लामो छलफल हुँदा पनि सहमति जुटन नसके पछि अर्को सूचना नआउन जेल सम्मका लागि वैठक स्थगित भएको प्रदेशसभा सचिवालयका सचिव बासु प्रसाद कोइरालाले जानकारी दिनुभयो ।

आजको बैठक सुरु हुन बित्तिकै विपक्षी दलका प्रदेश सभा सदस्यहरुले आ-आफ्नो ठाउँमा उठेर विरोध गरे पछि सभामुख रामआशिष यादवले नीति तथा कार्यक्रम माथिको छलफल भएकाले पटक पटक बस्नका लागि आग्रह गर्दा पनि उनीहरु आफनै स्थानमा उभेका थिए।प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेश सभाका सदस्यहरुले आफनो सिटमा नबसे पछि सभामुखले एक जनालाई विषय वस्तु राख्नका लागि समय दिनु भएको थियो । विपक्षी दलका तर्फबाट बोल्दै जनता समाजवादी पार्टी नेपालका प्रदेश सभा सदस्य संजय कुमार यादवले मुख्यमन्त्रीले अवैध तरिकाले संवैधानिक नियुक्ति गर काले उक्त निर्णय खारेज गरी मुख्यमन्त्रीले माफी नमागे सम्म बैठक चल्न नदिने चेतावनी दिनु भएको थियो । आजको बैठकमा सोमबार देखि जारी रहेको मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८३-०८४ को नीति तथा कार्यक्रम माथि छलफल हुने प्रदेशसभाको कार्यसूची रहेको थियो ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सङ्कल्प र लगनले चुम्दै सफलता

गोपाल बराल

**जेष्ठ गते, बर्दिवास**

साहुले ऋण नपत्याउँदा विदेश जान नपाएर तरकारीखेतीमा लागेका महोत्तरीका किसान अहिले प्रेरक व्यक्तिको उदाहरणका रूपमा उभ्याइने गरिन्छ । 'गरे के हुँदैन ?' भन्ने आहान महोत्तरीको भङ्गाहा-४, रामनगरका किसान सत्यदेव महतोले सङ्कल्प र लगनले चरितार्थ गरेको छ । झन्डै १६/१७ वर्षअघि तरकारी खेतीमा जोडिनुभएका महतोलाई अहिले न फुर्सद छ, न पछाडि फर्कनुपरेको छ । केही गर्ने हुटहुटी, सङ्कल्प र लगनले नै उहाँलाई यो सफलता प्राप्त भएको हो ।

करिब एक बिघा (२० कट्ठा) जग्गामध्ये १५ कट्ठामा तरकारी खेती गर्नुभएका महतोको बारीमा परवल लहलहाएको छ । खुर्सानीका बोट फूल र चिचिलाले झपक्क छन् । त्यसैगरी काँक्रा, बोडी, घिरौला, झिगुनी, लौका र फर्सीका लहरामा आँख्लैपिच्छे फल लागेका छन् । सबैभन्दा रहरलाग्दो त उहाँको करेला खेती छ । महतोले बर्सेनि पाँच, छ कट्ठामा करेला खेती गर्दै आउनुभएको छ । मुख्य सडक छेउकै बारीमा रहेको उहाँको बारीको मचानमा परैबाट लटरम्म देखिने करेला हेर्न बटुवा पुग्छन् ।

तरकारी खेतीमा जम्नुभएका महतोको विशेष पहिचान भने करेलाले नै बनाएको छ। वर्षभरिमा फरकफरक मौसम (सिजन)मा गरेर पाँच/छ कट्ठा करेला खेती गर्दै आउनुभएका उहाँको करेला खेती सडकबाटै देखिने हुँदा बटुवाका लागि यो प्रदर्शनीजस्तै बनेको बर्दिबास-२, बारनचौडीका उमेश आचार्य बताउनुहुन्छ । "करेला खेती त अन्त पनि भएकै छ, तर सतो (सत्यदेवको बोलाउने नाउँ)को खेती हेरेपछि मन दङ्ग हुन्छ", महतोको करेला बारी पुग्नुभएका आचार्य भन्नुहुन्छ। भङ्गाहा र वरपर छरछिमेकका बस्तीमा तरकारी खेतीको कुरा चल्यो कि त्यहाँ सत्यदेवको कुरा उप्किहाल्छ । महतोले मौसम अनुसारको बोडी, खुर्सानी, काँक्रा, परबल, झिगुनी, लौका, फर्सी, घिरौला र ओलसहितका तरकारी लगाउनु भए पनि उहाँलाई चिन्नेले करेलाकै नामबाट उभ्याउँछन् ।

दाजुभाइबिच अंशवण्डा भएपछि कमाउन कतार जाने सोचले राहदानी बनाउनुभएका महतो कतै ऋण नपाएपछि विलखबन्द पर्नुभएको थियो । अब बाँच्न तरकारी खेतीमा लाग्छु भनेर काम थाल्नुभएका उहाँले त्यसयता कहिल्यै पछाडि फर्कनुपरेको छैन । "आफूसँग भएको करिब एक बिघाजति जग्गामध्ये १५ कट्ठामा तरकारी खेती गर्छु", महतो भन्नुहुन्छ, "यसले मलाई सधैं काममा अघि बढ्न हौसला दिएको छ ।" तरकारीखेती थालेपछि दुईचार पैसाका लागि कसैसँग हात थाप्नु नपरेको र उल्टै छरछिमेकको आपत् विपद्मा सरसहयोग गर्न पाउँदा सन्तोष मिल्ने गरेको उहाँ बताउनुहुन्छ ।

पाँच कट्ठाको अन्नबाली (धान, गहुँ)ले खाने अन्न र १५ कट्ठा तर कारीखेतीले बर्सेनि १०-१२ लाख नगदको जोहो भएपछि त्यतिखेर विदेश जान ऋण नपाएर ठिकै भएछ भन्ने लाग्ने गरेको उहाँले बताउनुभयो । "मेरो करेला खेतीले मान्छेको मन तानेको छ, मलाई नाउँ नजान्नेले त 'करेलावाला' नै भन्ने गरेका छन्", उहाँ भन्नुहुन्छ, "यसले कमाइ पनि राम्रै दिएको छ । अरूभन्दा करेलामा बढी रेखदेख र स्याहार पुऱ्याउन पर्ने हुँदा सबैले यो खेती गर्दैनन्", उहाँ भन्नुहुन्छ, "मैलेचाहिँ बर्सेनि गर्दै आएको छु।" लागत र रेखदेख बढी गर्न परे पनि अन्य तरकारीको तुलनामा करेलाको भाउ सधैं उच्च हुँदा कहिल्यै हरेस खान नपरेको उहाँको अनुभव छ ।



बाह्रैमास उत्पादन लिन सकिने करेला राम्रो जातको पर्दा रोपेको ५० दिनमै उत्पादन दिन थाल्ने महतोले बताउनुभयो । माया, राजधानी, विजेता र इण्डो-अमेरिकी जातका करेलाको खेती बढी हुने गरेको उहाँको भनाइ छ । "मचाहिँ बर्सेनि बारी फेरेर माया जातको करेला लगाउँछु", महतोले भन्नुभयो । माया चाँडै फुल्ने, फल लाग्ने, रोगको प्रकोप कम हुने र लामो र ठुलो आकारको हुँदा ग्राहकको रोजाइमा पर्ने गरेको उहाँको अनुभव छ । "२०० ग्राम त सरदरकै हुन्छ, मेरो बारीमा एउटा करेला ३०० ग्रामसम्मको बाक्लै फलेको छ। करेलाखेतीले आफूलाई चिनाएको र आर्जन पनि राम्रै लिइएको उहाँ बताउनुहुन्छ ।

आफू खेतीमा जमेपछि विदेश जान तरखर गरेका आफ्ना पुस्ताका साथीलाई तरकारीखेतीमै डोहोऱ्याएको उहाँ सगर्व बताउनुहुन्छ । आफ्नै देखासिकी र प्रेरणाले बस्तीका पाँचसात जना विदेश जान त्यागेर तरकारीखेतीमा जमेका उहाँले नाम कमाउनुभयो । पैसो नपाएर विदेश जान नपाएका साथीलाई यही काम गरे कमाइ हुन्छ भनेर हौसला दिँदै बेलामौकाको सहयोग गरेपछि पाँच, सात जना अब तरकारी खेतीमै राम्ररी जमेका महतोको भनाइ छ । "मैले अब यतै काममा लाग, खेतीमा म पनि सघाउँछु भने, पाँच, सात जना लागे, राम्रै गरेका छन्", ३६ वर्षीय महतोकै सङ्गतले तरकारी खेतीमा पसेका सो बस्तीकै उहाँका समवयी उपेन्द्र यादव, हसन कवारी, चन्देश्वर राय दनुवार र सरोज महतो पनि अहिले अब्बल किसानमा दरिनुभएको छ ।

तरकारी खेतीमा लागेर सफल किसान दरिएका सत्यदेव, हसन, उपेन्द्र, सरोज र चन्देश्वरसहितका समवयीका खेतीमा भोगिएका समस्या समान छन् । "भरपर्दो सिँचाइ छैन, चाहिएको ठिक्क बेला बिउबिजन, मल, औषधी पाइँदैन", हसन भन्नुहुन्छ, "तीन तहका सरकार छन् भन्छन्, हामीलाई के समस्या छ भनेर सोध्नसम्म पनि कोही आउँदैनन् ।" सबैभन्दा बढी समस्या भरपर्दो बिउमा पर्ने गरेको किसानको अनुभव छ । ठिक्क बेलामा बिउ, मल, सिँचाइ नपाएरै खेतीको समय नाघ्ने गरेको तीतो अनुभव यी किसानले सँगालेका छन् ।

"बिउ भारतीय बजारकै भर हो, कहिले त राम्रै पर्छ, कहिले भने ठगिएका छौँ", महतो भन्नुहुन्छ, "हाम्रा सरकारी निकायले पायक पर्ने ठाउँमा राम्रो बिउ किन्न दिए ठुलो राहत हुन्थ्यो", त्यसैगरी कृषि प्राविधिकको सरसल्लाह र अनुगमन नहुँदा आवश्यक उपचार नपाएर मुखको बालीबाट हात धुनुपरेको विगत अनुभवले किसानी पेसा दुख्याहा कर्म नै रहेछ भन्ने धेरैलाई परेको छ । किसानलाई बिउ, मल, सिँचाइ, प्राविधिक सल्लाह र बजारको सुव्यवस्था हुनसके खेतीले राम्रो कमाइ गर्न सकिने यी किसानको ठम्याइ छ।- राससस


नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति **२०७४।०४।२५** मा दर्ता भएको प्रा.लि.नं.**१७२७५२** भएको फोरटेक नेपाल (प्रा.ली.) को **२०८३।०२।१९** मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**

**कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ**

**सम्पर्क नम्वरः९८४३२४५९८२**


## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजं) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# जनकपुरधामका फलफूल व्यवसायी आन्दोलित

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १९ गते, जनकपुरधाम**

जनकपुरधामका फलफूल थोक व्यवसायीहरूले "हाम्रो व्यवसाय, हाम्रो सम्मान, अमानवीय व्यवहार बन्द गर" भन्ने नारासहित आन्दोलन थालेका छन्।

जनकपुरधाम उपमहानगर पालिका-७ जिरोमाइलस्थित विगत २० वर्षदेखि सञ्चालन हुँदै आएको फलफूल थोक बजार लाई आँपको मुख्य सिजनमा बलपूर्वक नहटाउन तथा सुरक्षित, सम्मानजनक र व्यवस्थित रूपमा स्थानान्तरणको व्यवस्था गर्न माग गर्दै व्यवसायी आन्दोलित भएका हुन्।

जनकपुरधाम फलफूल तथा तरकारी व्यवसायी सङ्घले बजार को सुरक्षित व्यवस्थापन, उचित स्थानान्तरण तथा दीर्घकालीन प्रवर्द्धनका लागि आवश्यक पहल गर्न सरोकारवाला निकायको ध्यानाकर्षण गराएको छ।

सङ्घले मङ्गलबार जारी गरेको विज्ञप्तिमा व्यवसायीहरूको व्यवसाय, संरचना तथा सम्पत्तिमाथि हुने जबर्जस्ती रोक्न, कानुनी प्रक्रिया पूरा गरी औपचारिक जानकारी तथा पर्याप्त समय उपलब्ध गराउन र वैकल्पिक बजारस्थलको व्यवस्था नगरी डोजर प्रयोग नगर्न आग्रह गरिएको छ।

सङ्घले पुनरावेदन अदालत जनकपुरको आदेशअनुसार फलफूल बजार खाली गर्ने निर्णयलाई सम्मानपूर्वक स्वीकार गरेको जनाएको छ। सोहीअनुसार थोक फलफूल व्यवसायीहरू स्वस्फूर्त रूपमा बजार खाली गर्ने प्रक्रियामा रहेको सङ्घको भनाइ छ।

सङ्घका महासचिव भुवदेश्वर पूर्वेका अनुसार फलफूल तथा तरकारी व्यवसायमा प्रत्यक्ष रूपमा करिब २५० जना व्यवसायी संलग्न छन् भने अप्रत्यक्ष रूपमा हजारौं परिवार को जीविकोपार्जन यस क्षेत्रसँग जोडिएको छ। उहाँले बजारलाई अव्यवस्थित ढङ्गले नहटाउन आग्रह गर्दै साउन १५ गतेपछि व्यवसायीहरूले आफैं वैकल्पिक स्थानमा बजार स्थानान्तरण गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो।



सङ्घले जनकपुरधामको एकमात्र फलफूल थोक बजारका लागि राज्यका निकायबाट कुनै वैकल्पिक व्यवस्था नगरिए पनि व्यवसायीहरूले आफ्नो व्यापार तथा रोजगारी त्यागेर बजार खाली गर्न तयार रहेको जनाएको छ। तर प्रशासन र प्रहरीको सहयोगमा सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको वातावरण नबनाइएको गुनासो व्यवसायीहरूको छ।

व्यवसायीहरूले जग्गाधनी, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, नगरप्रमुख, सांसद तथा अन्य सरोकारवाला निकायसमक्ष पटक-पटक सुरक्षित निकास, उचित समय र अनुकूल वातावरणको माग राख्दा पनि कानुनी प्रक्रिया तथा आवश्यक म्यादबारे जानकारी नदिई डोजर प्रयोग गरी टहरा तथा संरचना भत्काउने प्रयास भएको भन्दै असन्तुष्टि जनाएका छन्।

सङ्घले व्यवसायीलाई समस्याको स्रोत नभई समाधानको साझेदार का रूपमा हेर्नुपर्ने धारणा व्यक्त गर्दै संवाद र सहकार्यमार्फत दीर्घकालीन तथा व्यवहारिक समाधान खोज्न र व्यवसायीको सम्मान तथा अधिकारको संरक्षण गर्न माग गरेको छ।

पत्रकार सम्मेलनमा जनकपुर धाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले फलफूल व्यवसायीलाई अव्यवस्थित ढङ्गले हटाउने कार्य उचित नभएको बताउनुभयो। उहाँले कानुनी प्रक्रियाअनुसार हुने विषयलाई अनावश्यक विवादको विषय नबनाउन आग्रह गर्दै आँपको मुख्य सिजनमा व्यवसायीलाई असर पुग्ने गतिविधि नगर्न सम्बन्धित पक्षलाई अनुरोध गर्नुभयो।

यता, फलफूल बजार रहेको जग्गाका धनी किशोर साहले लामो समयदेखि जग्गाको भाडा नपाएको गुनासो गर्दै आउनुभएको छ। उहाँले बजार खाली गराउन ढिलाइ भएपछि बाध्य भएर उक्त कदम चालिएको बताउनुभयो।

छ कट्ठाभन्दा बढी क्षेत्रफलमा फैलिएको उक्त बजारमा २२ वटा थोक फलफूल व्यवसायी आबद्ध छन् भने दैनिक तीन हजारभन्दा बढी साना व्यापारीको आवतजावत हुने गर्दछ। धनुषा, महोत्तरीलगायत जिल्लाका फलफूल व्यापारीहरू पनि यही थोक बजारमा निर्भर रहेको सङ्घले जनाएको छ।

सङ्घका अनुसार २० वर्षअघि खाली जमिनमा वार्षिक दुई लाख ५० हजार रुपियाँ भाडा तिर्ने गरी सम्झौता भएको थियो। समयसँगै भाडा बढ्दै जाँदा २०७४ सालमा वार्षिक तीन लाख ५० हजार रुपियाँ पुगेको थियो। जग्गाधनीको मागअनुसार व्यवस्थित रूपमा बजार खाली गर्ने तयारी भइरहेको सङ्घले जनाएको छ।

हाल आँपको मुख्य सिजन चलि रहेका बेला जग्गाधनी पक्षले डोजर प्रयोग गरी संरचना हटाउन थालेपछि विवाद चर्किएको हो। व्यवसायीहरूले व्यापारको मुख्य समयमा बजार खाली गराउँदा ठूलो आर्थिक क्षति हुने भन्दै तत्कालका लागि स्थानान्तरण प्रक्रिया स्थगित गरी उपयुक्त समय र वातावरण उपलब्ध गराउन माग गरेका छन्।

# जनकपुरधामको जानकी ट्रेडर्समा आगलागी

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १९ गते, जनकपुरधाम**

जनकपुरधाम उपमहानगर पालिका-१ भानुचोकस्थित जानकी ट्रेडर्समा आगलागी भएको छ।

आगलागीपछि स्थानीय, प्रहरी तथा दमकलको टोली परिचालन गरी आगो नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आगलागीको सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो। जनकपुरधाम उपमहानगर पालिकाको दमकल, नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार आगलागीबाट पसलभित्र रहेका सामानमा क्षति पुगेको प्रारम्भिक अनुमान गरि एको छ। यद्यपि, क्षतिको यकिन



विवरण संकलन गर्ने कार्य जारी रहेको छ।

घटनामा मानवीय क्षति भने नभएको जानकारी प्रहरीले जनाएको छ।

आगलागीको कारण खुल्न बाँकी रहेको भन्दै प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

साथै, विद्युत् सर्ट वा अन्य सम्भावित कारणबारे प्राविधिक रूपमा अनुसन्धान गरिने जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घटनापछि भानुचोक क्षेत्रमा केही समय त्रासको वातावरण बनेको भए पनि आगो नियन्त्रणमा आइसकेकाले अवस्था सामान्य बनेको प्रहरीले जनाएको छ।

# रास्वपाले मधेशका पाँच जिल्लासहित विभिन्न स्थानका अधिवेशन प्रक्रिया रोक्यो

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १९ गते, जनकपुरधाम**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय निर्वाचन आयोगले विभिन्न स्थानबाट निर्वाचनसम्बन्धी विवाद र उजुरी प्राप्त भएपछि मधेश प्रदेशका पाँच जिल्लासहित बागमती प्रदेशका केही क्षेत्रमा जारी अधिवेशन तथा निर्वाचनका सम्पूर्ण आगामी प्रक्रिया तत्कालका लागि स्थगन गरेको छ।

केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीको अध्यक्षतामा बसेको आयोगको बैठकले विवादित क्षेत्रहरूमा भइरहेको वडा, पालिका तथा जिल्ला अधिवेशनसम्बन्धी प्रक्रिया अर्को निर्णय नभएसम्म रोक्ने निर्णय गरेको हो।

आयोगद्वारा जारी निर्देशनअनुसार जेठ १७ गतेसम्म सम्पन्न भइसकेका प्रक्रिया बाहेकका सम्पूर्ण निर्वाचन गतिविधि स्थगित गरिएको छ।

आयोगले सम्बन्धित क्षेत्रबाट प्राप्त उजुरीमाथि छानबिन तथा अन्तिम निर्णय हुन बाँकी रहेकाले निर्वाचन प्रक्रिया रोक्नुपरेको जनाएको छ।

मधेश प्रदेशअन्तर्गत सप्तरी र सिरहा जिल्लाका विवादित स्थानीय तह तथा वडाहरूमा अधिवेशन प्रक्रिया रोकिएको छ।

त्यस्तै, महोत्तरीमा जलेश्वर नगर पालिका, एकडारा गाउँपालिका, मटिहानी नगरपालिका, मनरा शिस्वा नगरपालिका र पिपरा गाउँपालिकासहित अन्य विवादित क्षेत्र तथा धनुषामा जनकपुर उपमहानगरपालिका, जनकनन्दिनी गाउँपालिका र गणेशमान चारनाथ नगर पालिकासहितका विवादित क्षेत्रहरूमा पनि निर्वाचन प्रक्रिया स्थगित गरिएको छ। सर्लाहीको हरिपूर्वा नगरपालिकामा समेत यही निर्णय लागू हुने आयोगले जनाएको छ।

बागमती प्रदेशअन्तर्गत सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगर पालिका तथा अन्य विवादित स्थानीय तह र वडाहरूमा पनि अधिवेशन प्रक्रिया रोकिएको छ।

आयोगले अर्को आधिकारिक निर्णय वा निर्देशन जारी नभएसम्म कुनै पनि निर्वाचनसम्बन्धी प्रक्रिया अगाडि नबढाउन प्रदेश, जिल्ला तथा स्थानीय तहका पार्टी संरचनालाई निर्देशन दिएको छ।

निर्देशनको अवज्ञा गर्दै सञ्चालन गरिएका कुनै पनि गतिविधिलाई आधिकारिक मान्यता नदिइने आयोगले चेतावनी दिएको छ।

रास्वपाले निर्वाचनलाई लोकतान्त्रिक, निष्पक्ष र मर्यादित बनाउनका लागि विवाद समाधानपछि मात्रै बाँकी प्रक्रिया अघि बढाइने जनाएको छ।

# सोनमामा चोरी गर्न आएका समूहको गोली लागेर श्रीमान्-श्रीमती घाइते

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**जेष्ठ १९ गते, महोत्तरी**



महोत्तरीको सोनमा गाउँपालिका-३ स्थित खखना दक्षिणबारी टोलमा चोरीको प्रयास विफल पार्ने क्रममा गोली प्रहार हुँदा एक दम्पती घाइते भएका छन् ।

मंगलबार राति घरभित्र प्रवेश गरी चोरी गर्न खोजिरहेका ५/६ जना अपरिचित व्यक्तिसँग भएको प्रतिवादका क्रममा स्थानीय २७ वर्षीय रामईश्वर यादव र उनकी २२ वर्षीया श्रीमती किरण यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

प्रहरीका अनुसार प्रतिवादका क्रममा ती व्यक्तिहरूले चलाएको गोली लागेर दम्पती घाइते भएका हुन् । घाइते दुवै जनाको प्रारम्भिक उपचारपछि थप उपचारका लागि जनकपुर धाम पठाइएको छ ।

घटनास्थलबाट एक थान गोलीको खोका बरामद भएको प्रहरीले जनाएको छ । घटनामा संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको तथा घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

स्थानीयवासीका अनुसार चोरीको उद्देश्यले घरमा प्रवेश गरेका व्यक्तिहरूसँग भएको प्रतिरोधका क्रममा उक्त घटना भएको हो । प्रहरीले घटनाको सबै पक्षबारे अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

# मिटरब्याज पीडितद्वारा धनुषा जिल्ला अदालत घेराउ



खबर दर्पण समाचारदाता

**जेष्ठ १९ गते, जनकपुरधाम**

मिटरब्याजबाट पीडित बनेका नागरिकहरूले न्यायको माग गर्दै मंगलबार धनुषा जिल्ला अदालत अगाडि धर्ना तथा घेराउ गरेका छन् ।

मिटरब्याज पीडित संघर्ष समितिको नेतृत्वमा आयोजित विरोध कार्यक्रममा विभिन्न स्थानबाट आएका पीडितहरूको सहभागिता रहेको थियो ।

संघर्ष समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाको अगुवाइमा भएको प्रदर्शनमा सहभागीहरूले आफूहरू लामो समयदेखि न्यायको खोजीमा रहे पनि राज्यका निकायबाट समस्या समाधानका लागि प्रभावकारी पहल हुन नसकेको गुनासो गरे । उनीहरूले अदालत परिसर अगाडि शान्तिपूर्ण रूपमा धर्ना दिँदै मिटरब्याज पीडितका मुद्दामा निष्पक्ष सुनुवाइ र न्याय सुनिश्चित गर्न माग गरेका हुन् ।

प्रदर्शनलाई सम्बोधन गर्दै अध्यक्ष कुशवाहाले वर्तमान सरकार सत्तामा पुग्नुअघि मिटरब्याज पीडितका समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि व्यवहार मा त्यसको अनुभूति हुन नसकेको आरोप लगाए । बरु पीडितमाथि उजुरी, दबाब र विभिन्न प्रकारका प्रताडना बढ्दै गएको उनको भनाइ थियो ।

मिटरब्याज पीडितहरूले विभिन्न सरकार र गृहमन्त्री परिवर्तन भए पनि आफ्नो समस्या जस्ताको तस्तै रहेको बताए । केही दिनअघि पनि उनीहरूले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना कार्यक्रम आयोजना गरी समस्या समाधानको माग गरेका थिए ।

पीडितहरूले अदालत तथा सम्बन्धित निकायहरूबाट पीडितभन्दा साहु पक्षलाई बढी संरक्षण मिल्ने गरेको आरोप लगाएका छन् । निष्पक्ष न्याय नपाएको भन्दै उनीहरूले आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएका छन् ।

मिटरब्याज सम्बन्धी समस्या समाधानका लागि सरकारले विभिन्न कानुनी तथा प्रशासनिक पहल गरेको दाबी गर्दै आए पनि पीडितहरू भने अझै न्यायको पर्खाइमा रहेको बताउँदै आन्दोलन जारी राख्ने तयारीमा छन् ।

# महोत्तरीबाट बालक अपहरण प्रयासमा संलग्न एक जना पक्राउ

खबर दर्पण समाचारदाता

**जेष्ठ १९ गते, बर्दिवास**

महोत्तरीमा बालक अपहरण प्रयासमा संलग्न रहेको आरोपमा एक जना युवक पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार गत वैशाख ७ गते अपराह्न करिब ४ बजे तीन जना अपरिचित व्यक्तिले नम्बर नखुलेको मोटर साइकलमा एक आठ वर्षीय बालकलाई राखी अपहरण गर्ने प्रयास गरेका थिए। बालकलाई जबर्जस्ती मोटरसाइकलमा राखी लैजान खोज्दा बालक रुनकराउन थालेपछि स्थानीयवासीले देखेर मोटर साइकल रोक्न खोज्दा उनिहरुले बालकलाई त्यहि छोडेर भागेका थिए।

स्थानीयको सक्रियतापछि अपहरण प्रयासमा संलग्न व्यक्तिहरूले बालकलाई घटनास्थलमै छाडेर फरार भएको र घटनास्थलबाट बा.६७ प ७७१० नम्बरको मोटर साइकलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

घटनापछि प्रहरीले अपहरण सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाउँदै फरार प्रतिवादीको खोजी तीव्र बनाएको थियो। सोही क्रममा रौतहट जिल्लाको गौर नगरपालिका-७ निवासी २३ वर्षीय नवाज अधिकारीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

प्रहरीका अनुसार महोत्तरीबाट खटिएको प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालय रौतहटको समन्वयमा गौर नगरपालिका-५ स्थित अस्पताल चोकबाट आइतबार अपराह्न अधिकारीलाई पक्राउ गरेको हो। पक्राउ परेका अधिकारीविरुद्ध अपहरणसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यसअघि महोत्तरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलले जानकारी दिनुभयो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,